# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ६ मण्डनदेउपुर, असार ३१ गते, २०७९ साल संख्याः६

### भाग-१

## स्थानीय भाषा ऐन, २०७९

*नगर सभाबाट पारित मितिः२०७९।०३।१९*

*प्रमाणीकरण मितिः२०७९।०३।२७*

**प्रस्तवाना**

नेपालको संविधानको धारा ३२ को भाषा तथा संस्कृतिको हक (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषाको प्रयोग गर्ने हकको प्रावधान छ। त्यसैगरी संविधानको धारा २८७ को उपधारा ६ बमोजिमका आयोगका काम, कर्तव्य र अधिकारअन्तर्गत सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने, भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकारसमक्ष सिफारिस गर्ने, मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा

प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकारसमक्ष सुझाव पेस गर्ने एवम् भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने प्रावधान समाविष्ट छन् । धारा ५१ ग (७) मा बहुभाषिक नीति अवलम्बन गर्ने उल्लेख छ ।

भाषा आयोग ऐन, २०७४ परिच्छेद २ को दफा ३ को (ख) मा नेपालमा बोलिने मातृभाषाको संरक्षण, संवर्द्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरूका बारेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, संवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने प्रबन्ध गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (फ) बमोजिम गाउँसभाले (गाउँपालिकाको हकमा) वा नगरसभा (नगरपालिकाको हकमा) यो ऐन तर्जुमा गरी जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **सङक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “स्थानीय भाषा ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “सरकारी कामकाजको भाषा” भन्नाले राज्य (सङ्घ, प्रदेश र स्थानीय सरकार) कानुनी मान्यता प्रदान गरेको, सरकारी (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कामकारबाही), शिक्षा, सार्वजनिक, निजी क्षेत्रका कार्यालय, प्रतिष्ठान, नेपाल सरकारका निकायमा दर्ता भएका सङ्घसंस्थाहरूका कार्यालय, कार्यक्षेत्र, सेवा सुविधाप्रदायक क्षेत्र, सूचना प्रवाहलगायतमा लिखित, मौखिक वा साङ्केतिक वा हाउभाउबाट अभिव्यक्त गरिने प्रचलित कानुनमा उल्लिखित तथा नेपाल सरहदभित्र

उत्पत्ति भएका मातृभाषा, समूह वा समुदायको भाषा र सम्पर्क भाषा समेतलाई जनाउनेछ ।

(ख) "सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र" भन्नाले राज्यका तीनवटै तह र अङ्गहरू (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कामकारबाहीसँग सम्बन्धित क्षेत्र) शिक्षा, सार्वजनिक, निजी क्षेत्रका कार्यालय, प्रतिष्ठान, नेपाल सरकारका निकायमा दर्ता भएका सङ्घसंस्था, कम्पनीसमेतका (कार्यालय, कार्यक्षेत्र, सेवा सुविधा प्रदायक) क्षेत्र ।

(ग) "मातृभाषा" भन्नाले कुनै समुदाय वा समूहले बोल्ने, प्रयोग गर्ने, नेपाल उत्पत्ति वा ऐतिहासिक रूपमा नेपाल सरहदसँग सम्बन्धित स्थानीय भाषासरह प्रयोगमा रहेका भाषालाई जनाउने छ ।

(घ) "भाषाको आधारमा गरिने कसूर" भन्नाले भाषा वा भाषा प्रयोग गरेको आधारमा कसैले, कसैलाई, कुनै प्रकारले सार्वजनिक र निजी स्थानहरूमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव, बहिष्करण, सीमान्तीकरण वा अपमानजन्य व्यवहार वा प्रतिष्ठामा आँच आउने कुनै पनि कार्य वा भाषा आयोगले सिफारिस गरी यस ऐनमा सरकारी कामकाजको भाषाको रूपमा मान्यताप्राप्त कुनै भाषामा सरकारी कामकाज तथा सेवा दिन इन्कार गर्ने कार्यसमेतलाई जनाउने छ।

(ङ) "सङ्घीय सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (१) धारा १०९ सँग सम्बन्धित अनुसूची (५) अनुसार उल्लिखित सङ्घको अधिकारको सूची सम्झनु पर्दछ ।

(च) "प्रदेश सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा १२४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सम्बन्धित अनुसूची (६) अनुसार उल्लिखित प्रदेशको अधिकारको सूची सम्झनु पर्दछ ।

(छ) "स्थानीय सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को

उपधारा ३, धारा २३२ को उपधारा (७), धारा २७४को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित अनुसूची (८) अनुसार उल्लिखित स्थानीय तहको अधिकारको सूची सम्झनु पर्दछ ।

(ज) "सङ्घ र प्रदेश कार्यक्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा ३, धारा २३२ को उपधारा (७), धारा २७४को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित अनुसूची-८ बमोजिमको अधिकारको साझा सूचीलाई सम्झनु पर्नेछ ।

(झ) "सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा १२४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित अनुसूची-९ बमोजिमको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीलाई सम्झनु पर्नेछ ।

(ञ) "भाषा आयोग" भन्नाले नेपालको संविधान, २०७२ को धारा २८७ बमोजिम गठन भएको भाषा आयोगलाई जनाउनेछ ।

## परिच्छेद-२

## भाषिक समता, सम्मान र प्रयोगको नैसर्गिक अधिकार

**३.भाषिक समानता, समता र सम्मानः** (१) भाषा प्रयोग गर्न पाउने व्यक्ति वा समुदायको जन्मसिद्ध र नैसर्गिक मानव अधिकार हो।भाषा तथा भाषा प्रयोग गरेको आधारमा कसैले, कसैलाई, कुनै प्रकारले सार्वजनिक र निजी स्थानहरूमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव, बहिष्करण, सीमान्तीकरण वा अपमानजन्य व्यवहार वा प्रतिष्ठामा आँच आउने कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन ।

(२) सरकारी कामकाजको भाषाको रूपमा मान्यताप्राप्त नेपालमा बोलिने मातृभाषी समुदाय र आदिवासीहरूको मातृभाषासँग जोडिएको संस्कृति, सम्पदा, पहिचान, प्रतिष्ठालगायतका संवेदनशील विषयहरू संरक्षित र अनतिक्रम्य हुनेछ। यी विषयमा

नेपालको संविधानअनुसार सम्बन्धित मातृभाषी समुदाय र आदिवासी मातृभाषी समुदायको स्वायत्त अधिकार रहनेछ ।

(३) उपदफा (२)मा उल्लिखित विषयबारे समुदायको सरोकार तथा प्रभावित पार्ने निर्णयहरूमा सम्बन्धित मातृभाषी समुदाय र आदिवासी समुदायको अर्थपूर्ण प्रतिनिधित्व र अग्रिम सुसूचित मञ्जुरी लिइनेछ।

(४) उपदफा (३) अनुसार प्रतिनिधित्वको निम्ति सम्बन्धित मातृभाषी समुदायले चयन गरेका सम्बन्धित विषयका विज्ञहरूको सहभागिता गर्नु/गराउनु पर्नेछ । सम्बन्धित मातृभाषी समुदाय र आदिवासी समुदायको अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीका ढाँचा र प्रक्रियाको लागि नियमावलीमा व्यवस्था गरिनेछ ।

४.**विभेद र अपमानजन्य व्यवहारविरूद्ध व्यवस्था**: सरकारी कामकाजको भाषाको रूपमा नेपालमा उत्पत्ति भएका मातृभाषा प्रयोग हुने सरकारी, सार्वजनिक र निजी कार्यालयहरूमा भाषा प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार रोक्न र त्यस्तो कार्य भएमा तत्काल कारबाही गर्ने गराउने व्यवस्था सम्बन्धित कार्यालयले गर्नुपर्नेछ ।

**५. भाषाको समतामूलक विकासः** सरकारी कामकाजको भाषाको रूपमा यस ऐनद्वारा मान्यताप्राप्त, अनुसूचीअनुसारको मातृभाषाहरू एवम् स्थानीय तहमा बोलिने भाषाहरूको विकास, सुदृढीकरण र स्तरोन्नत्ति लगायतको कार्य गर्न र सरकारी कामकाजको भाषा प्रयोग स्थानीय सरकारले गर्ने योजना, कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-३

## कसूर, अनुसन्धान, तहकिकात तथा दण्ड सजाय

६. **भाषाको आधारमा गरिने कसूर** (१) भाषा वा भाषा बोलेको वा प्रयोग गरेको आधारमा गरिने कुनै पनि प्रकारको कसूर वा उद्योग दण्डनीय हुनेछ ।

(२) उपदफा (१) अनुसारको कसूरमा तीन वर्षसम्म कैद वा तीस हजार जरिवाना वा दुवै सजाय हुनेछ ।

७. **सार्वजनिक पदधारण गरेका वा सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरूले कसूर गर्न नहुनेः** सार्वजानिक पद धारण गरेका वा सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरूले यस ऐनअनुसार कसूर गरे वा सरकारी कामकाजको भाषा प्रयोग गर्न इन्कार गरेबापत सजाय भएमा निजको व्यक्तिगत फाइलमा अभिलेख राख्नुपर्नेछ ।

८. **सरकारवादी हुनेः** यस ऐनअनुसारको कसूर मुलुकी फौजदारी अपराध कार्यविधि संहिता, २०७४ को अनुसूची बमोजिमको सरकारवादी फौजदारी अपराध हुनेछ ।

९. **सङ्क्षिप्त कार्यविधिः** यस ऐनअन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि अपनाउनु पर्नेछ ।

१०. **भाषा आयोगको सिफारिसः** यस ऐनअन्तर्गतको कसूरमा कारबाही चलाउन वा चलेको कारबाहीमा सम्बन्धित निकायले मागेको बखतमा आवश्यक सुझावसहित भाषा आयोगले सिफारिससमेत गर्न सक्नेछ ।

## परिच्छेद-४

## सरकारी कामकाजमा भाषाको प्रयोगसम्बन्धी व्यवस्था

**११.(१) गाउँसभा र नगरसभाको कामकारबाहीसम्बन्धी भाषाः** गाउँसभा र नगरसभामा प्रस्तुत वा पेस हुने विधेयक प्रतिवेदन वा प्रस्तावहरू अनुसूचीमा उल्लिखित भाषाहरूमा समेत अनुवादित प्रति पेस गर्नुपर्नेछ ।

(२) अनुसूचीमा उल्लिखित भाषासमेत छलफल र बहस हुनेछन् र त्यसको अन्य सरकारी कामकाजको भाषामा मौखिक रूपमा अनुवादको व्यवस्था गर्नु/गराउनु पर्नेछ। स्थानीय तहको व्यवस्थापिका, कार्यपालिकीय र न्यायपालिकीय कामकारबाहीमा स्थानीय तहमा बोलिने भाषाहरूमा मौखिक स्वरूपको प्रयोग गर्न पाउने प्रबन्ध गर्नुपर्नेछ।

(३) गाउँसभा वा प्रमुख, नगरसभा र नगरप्रमुख समक्ष पेस हुने प्रतिवेदनहरू अनुसूचीका भाषाहरूमा अनुवाद गर्नुपर्नेछ ।

(४) स्थानीय सरकार र सम्बन्धित निकायहरू, स्थानीय सरकार र सङ्घीय सरकार, स्थानीय सरकार प्रदेश सरकारबीच तथा स्थानीय र स्थानीय सरकारबीच अनुसूचीको भाषामा समेत पत्रचार गर्नुपर्नेछ ।

५) स्थानीय कार्यपालिकाले भाषा आयोग अध्ययन र सिफारिसको आधारमा सरकारी कामकाजका लागि सूचीकृत भाषाबाहेक पनि स्थानीय तह र वडागत सरकारी कामकाजको भाषा निर्धारण गरी सरकारी कामकाजमा प्रयोग गर्न सक्नेछ ।नगरपलिकाभित्र भाषिक स्वायत्त, विशेष वा संरक्षित क्षेत्र घोषणा गरी स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकास गर्न सक्नेछ ।

**१२. सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरणः (१)** सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरण सबै सरकारी कामकारबाही, कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू कानुनी मान्यताप्राप्त सरकारी कामकाजको भाषामा दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ र प्रचलित कानूनअनुसार सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गरिनेछ ।

(२) यस ऐनमा उपदफा (१) मा उल्लिखित कार्यालयहरूमा सेवाग्राहीले कुनै पनि सरकारी कामकाजको भाषामा पेस गर्ने निवेदन, प्रमाण, कागजपत्रलगायतका सम्बन्धित दस्तावेजहरूको सोही भाषामा दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ ।

**१३. भाषा अनुवादकको व्यवस्था (१)** अड्डा अदालत, न्यायाधीकरण, प्रशासनिक निकाय तथा कार्यालय, आयोग, सुरक्षा निकायहरूमा न्यूनतम १ दरबन्दी रहने गरी सरकारी कामकाजमा भाषा प्रयोगका लागि भाषा अनुवादकको व्यवस्था गरिनेछ ।

## परिच्छेद-५

## सरकारी कामकाजमा भाषाको प्रयोग र कानुनी समाजस्यता

**१४. सरकारी कामकाजमा भाषा प्रयोगसम्बन्धी प्रचलित कानूनमा सामञ्जस्यताः** (१) सरकारी कामकाजको भाषा प्रयोगसम्बन्धी प्रचलित कानुनमा भएका व्यवस्था यस ऐनसँग सामञ्जस्यता कायम रहने गरी प्रयोग तथा व्याख्या गरिने छ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ ।

## परिच्छेद-६

## भाषा आयोगः समन्वय, अनुगमन र सहजीकरण

**१५. सरकारी कामकाजमा भाषा प्रयोगमा समन्वय, अनुगमन र सहजीकरणः** (१) सरकारी कामकाजको भाषा प्रभावकारी रूपले प्रयोग गर्न तथा गराउन सम्बन्धित कुनै पनि सरकारी तथा अन्य कार्यालयलाई भाषा आयोगले समन्वय, अनुगमन र सहजीकरणका लागि आवश्यक कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाहेकका अन्य कामकारबाही गर्न बाधा अड्चन परे आवश्यक सहयोगका लागि दफा २ (ख) मा उल्लिखित कार्यालयले भाषा आयोगको सेवा लिन सक्नेछ ।

(३) सरकारी भाषाको प्रयोग प्रभावकारी रूपमा गर्न गराउने भाषा आयोगले अनुगमन गर्नेछ।सम्बन्धित कार्यालयले भाषा आयोगले मागेको आवश्यक प्रमाणहरू उपलब्ध गराउनु पर्नेछ ।

(४) भाषा आयोगले दिएको सिफारिस सम्बन्धित निकाय तथा कार्यालयहरूले पालना गर्नुपर्नेछ ।

**१६. मातृभाषासम्बन्धी सहयोग लिन सक्नेः** (१) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी सङ्घसंस्थाहरूसँग समन्वय गरी प्राविधिक, विज्ञ तथा जनशक्तिहरू प्राप्त गर्न सक्नेछ ।

(२) सरकारी निकाय, आयोग, अड्डा अदालतले भाषाको आधिकारिकता, संस्कृति, ज्ञान, अर्थजस्ता प्राविधिक सहयोग मागेको अवस्थामा सम्बन्धित मातृभाषामा काम गर्ने आदिवासी जनजातिका सङ्घसंस्था वा मातृभाषी संस्थाले सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२)अनुसारको सहयोगको लागि सम्बन्धित भाषिक समुदाय वा संस्थाले भाषामा दखल भएकाहरूको रोष्टर वा समूह बनाउने छ । यसका निम्ति सम्बन्धित सरकार (सङ्घ, प्रदेश, स्थानीय सरकार), सार्वजनिक र निजी संस्थाहरूले समेत बजेट सम्बन्धित संस्था वा समुदायलाई उपलब्ध गर्नु/गराउनु पर्नेछ ।

(४) उपदफा (२) अनुसार सहयोग उपलब्ध गराएबापत सहयोग माग गर्ने निकायले लाग्ने खर्चलगायत सम्बन्धित संस्थालाई उपलब्ध गराउनेछ ।

## परिच्छेद-७

## शिक्षामा भाषा प्रयोग र विस्तार

**१७. शिक्षाको माध्यम भाषाः** (१) स्थानीय तहभित्रका विद्यालय एवम् शिक्षण संस्थाहरूमा शिक्षाको माध्यम भाषाको रूपमा नेपालीबाहेक प्रदेशको सरकारी कामकाजको भाषामा सूचीकृत भाषालाई प्रयोग गरिनेछ ।

उपदफा (२) मा सरकारी कामकाजको लागि सूचीकृत भाषाको प्रयोग गर्ने भनिए तापनि कक्षाकोठामा उपस्थित विद्यार्थीको भिन्नभिन्न मातृभाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीको पहिलो वा मातृभाषामा आधारित बहुभाषिक शिक्षा प्रदान गर्नु पर्नेछ ।

**१८. मातृभाषा विषयः** विद्यालय शिक्षाको पाठ्यक्रमले निर्धारण गरेअनुसार मातृभाषी विद्यार्थीलाई विषयका रूपमा मातृभाषा विषय पठनपाठन गर्नु/गराउनु पर्नेछ ।

## परिच्छेद-८

## स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकास

**१९. स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकासः**(१) स्थानीय तहमा बोलिने भाषाहरूको पुस्तान्तरण गरेर मातृभाषाहरूको संरक्षण गर्नका लागि लोपोन्मुख भाषाहरूमा कक्षा सञ्चालन र अन्य मातृभाषाहरूको अन्तर्पुस्ता हस्तान्तरणका निम्ति नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाप्राप्त गर्न सम्बन्धित भाषिक समुदायले आफ्नो धर्म, संस्कार, संस्कृति र सभा, भेलामा मातृभाषाको प्रयोग गरेको हुनुपर्नेछ ।

(२) स्थानीय भाषाको प्रयोगलाई व्यावहारिक र प्रभावकारी, स्थानीय सरकार तथा तततत् सरकारका निकायहरूमा दर्ता, अनुमतिप्राप्त सार्वजनिक तथा निजी सङ्घसंस्था वा कानुनी व्यक्तिहरूले आवश्यक योजना, कार्यक्रम तथा बजेट विनियोजन गर्नु/गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नको लागि भाषा आयोगले आवश्यक सिफारिस गर्न सक्नेछ र उक्त सिफारिस सम्बन्धित पक्षले कार्यान्वयन गरी प्रतिवेदन आयोग समक्ष बुझाउनु पर्नेछ ।

**२०. भाषा अध्ययन अनुसन्धान र मानक भाषा निर्धारणः (१)** स्थानीय सरकारले सरकारी कामकाजको भाषाबारे अध्ययन, अनुसन्धान, खोज गर्ने र मानक भाषा निर्धारण गरी प्रयोग गर्ने गराउनेछ ।

(२) उपदफा (१) को स्थानीय सरकारहरूले विषय विज्ञहरू सम्मिलित भाषा विकास प्रतिष्ठान, संस्थान, समिति, नियमक निकाय गठन गरिनेछ ।

२१. **आधारभूत सेवामा सरकारी कामकाजको भाषाको सुदृढीकरणः** (१) शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, कानुन निर्माण, अड्डा अदालत, जनप्रशासन, जनजीविका, कृषि, वातावरण, वित्तीय कारोबार, विपद व्यवस्थापन, नागरिक सचेततालगायतका आधारभूत सेवामा प्रभावकारी रूपमा सरकारी कामकाजको भाषा प्रयोग, विकास तथा सुदृढीकरणको लागि सम्बन्धित सरकार तथा सरकारी निकाय, सार्वजनिक तथा

निजी संस्थाले प्रत्येक आर्थिक वर्षमा कार्यक्रम, योजना र बजेट विनियोजन गर्नु तथा गराउनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार भएको प्रगति प्रतिवेदन वार्षिक रूपमा भाषा आयोगलाई सम्बन्धित निकाय तथा कार्यालयहरूले बुझाउनु पर्नेछ ।

२२.**सरकारी भाषासम्बन्धी कम्प्युटर सफ्टवेयर, प्रोग्राम लगायतको व्यवस्थाः** सरकारी कामकाजको भाषा प्रयोगलाई आधुनिकीकरण र यान्त्रीकरण गरी व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन कम्प्युटर प्रोग्राम, सफ्टवेयर लगायतका आवश्यक उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रहरूको आवश्यक व्यवस्था सम्बन्धित कार्यालयहरूले गर्नु पर्नेछ ।

## परिच्छेद-९

## विविध

**२३. स्थानीय तहमा चाहिने कर्मचारी तथा जनशक्ति नियुक्ति र भर्नामा सरकारी कामकाजको भाषा प्रयोगः** स्थानीय तहमा चाहिने कर्मचारी तथा जनशक्ति नियुक्ति र भर्ना गर्दा लिइने लिखित तथा मौखिक परीक्षाको पाठ्यक्रममा परिमार्जन, संशोधन र अनुवाद गरी सम्बन्धित प्रदेश सरकारी कामकाजका भाषाहरू यस ऐन लागू भएपछि कार्यान्वयन गर्नु पर्नेछ ।

**२४. सरकारी कामकाजको भाषा प्रयोग गरेको प्रगति प्रतिवेदन सार्वजनिक गर्नेः** (१) यस ऐनअनुसार सरकारी कामकाजको भाषा प्रयोग गर्ने सरकारी निकाय, सार्वजनिक तथा नीति सङ्घसंस्थाले भाषा आयोग, संवैधानिक निकायलगायतले सरकारी कामकाजमा भाषा प्रयोगसम्बन्धी प्रगति प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको प्रगति प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

**२५. सरकारी कामकाजको भाषा प्रयोगबारे जानकारीः** सरकारी, सरकारी निकाय, सार्वजनिक र निजी संस्थालगायतका कार्यालयहरूले यस ऐनअनुसारको सरकारी

कामकाजमा भाषाको प्रयोगबारे सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा सार्वजनिक सूचना वा जानकारी बोर्ड राख्नु पर्नेछ ।

**२६. नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनको लागि स्थानीय सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

# अनुसूची-१

## भाषा आयोगबाट सिफारिस गरिएका प्रदेश सरकारी कामकाजका भाषाहरू

| प्रदेश | सरकारी कामकाजको भाषा | निश्चित कार्य र क्षेत्रमा सरकारी कामकाजको भाषा |
|---|---|---|
| प्रदेश नं.१ | १.मैथिली २. लिम्बू | १.थारू २.तामाङ ३.मगर ४.बान्तावा ५.उर्दू ६. राजवंशी ७.राई ८.नेवार (नेपाल भाषा) ९. चाम्लिङ ९. शेर्पा १०. सन्थाली |
| मधेश प्रदेश | १.मैथिली २. भोजपुरी ३.बज्जिका | १.उर्दू २.थारू ३. तामाङ |
| बागमती प्रदेश | १.तामाङ २. नेवार (नेपाल भाषा) | १.मगर २.थारू ३. मैथिली |
| गण्डकी प्रदेश | १.मगर २.गुरूङ ३. भोजपुरी | १.थारू २. नेवार (नेपाल भाषा) ३. तामाङ |
| लुम्बिनी प्रदेश | १.थारू २. अवधी | १.भोजपुरी २.उर्दू ३.मगर ४. मैथिली |
| कर्णाली प्रदेश | १.मगर | |
| सुदूर पश्चिम प्रदेश | १.डोट्याली २. थारू | १.बैतडेली २. अछामी ३. बझाङी |

**आज्ञाले,**

**(डा.लोकबहादुर लोप्चन)**

**प्रमुख प्रशासकीय अधिकृत**